म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १७८ मंगलबार २३ माघ २०८० ने. सं. ११४४ पोहेलागा 6 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**क्यान्सर रोग लाग्नबाट बच्ने उपाय**

- मदिरा, धुम्रपान तथा सुर्तिजन्य वस्तु सेवन नगरौं,
- खानपानमा ध्यान पुऱ्याऔं,
- पर्याप्त व्यायाम गर्ने गरौं,
- सक्रिय जीवनशैली अपनाऔं,
- बोसोयुक्त मासु नखाऔं,
- तारेको, भ्फानेको, पोलेको खाना नखाऔं,
- गालेका तथा पुराना अचार कम खाऔं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सरसफाईमा विशेष ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## उत्पादनका क्षेत्रमा सहकारीको लगानी आवश्यक: डीना

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले सहकारीले वचत र ऋणसँगै अब उत्पादन मूलक कामको थालनी गर्नुपर्नेमा जोड दिएकी छिन् ।

रेडियो मकवानपुरको १४ औं वार्षिकोत्सव एवम् रेडियोको सन्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारीको २६ औं स्थापना दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमको समापन, पुरस्कार वितरण एवम् सामुदायिक सम्मान प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उनले सहकारी समयानुकूल सन्चालन हुनुपर्ने धारणा राखेकी हुन् । पछिल्लो समय धेरै सहकारी घोटला, हिनामिनालगायतको घटना आइरहेको भन्दै उनले शेयर सदस्य सचेत रहनुपर्ने सुझाव दिइन् ।



रेडियो मकवानपुरले सामुदायिक रेडियोको धर्म निर्वाह गर्दै सबै क्षेत्रलाई समेटेर काम गरि रहेकोप्रति खुशी व्यक्त गरिन् । दिव्यतारा सहकारीका संस्थापक अध्यक्ष समेत रहेकी डीना धार्मिक अगुवा र लागूऔषध दुर्व्यसनविरुद्धको अभियान सन्चालन गरिरहेका व्यक्तिलाई सामुदायिक सम्मान प्रदान गरेकोमा प्रशंसा गरिन् । मकवानपुरको विकासमा आफ्नो तर्फबाट गर्नुपर्ने समन्वय एवम् पहलका लागि सदैव तयार रहेको उनको भनाई थियो ।

दिव्यतारा सहकारीका अध्यक्ष डा. गणेश बललामाको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिकाका उपमेयर भरत गोपाली, हेटौंडा उपमहानगर पालिका-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जन, नेपाल पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष रुपेश दुलाल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताअग्रवाल, रेडियो मकवानपुर सन्चालक समिति अध्यक्ष आनन्दराम पराजुली लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा २०७९ सालको एसईई परीक्षामा उत्कृष्ट अंकसहित पास भएका शेयर सदस्यका छोराछोरीलाई नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो । वार्षिकोत्सवमा सहिद विषयमा साहित्यकारसँगको अर्न्तक्रिया एवम् रचना वाचन, हेटौंडा क्याम्पसलाई सेनेटरी प्याड हस्तान्तरण, ओम बृद्धाश्रमलाई खाद्यान्न हस्तान्तरण, रेडियो मकवानपुर मिडिया कप फुट्सल प्रतियोगिता, मनहरी ५ मा नि:शुल्क स्वास्थ्यशिविर र बालमैत्रीनगर निर्माणमा सरोकारवालाको भूमिका विषयक वक्तृत्वकला आयोजना भएको थियो ।

वार्षिकोत्सव समापन कार्यक्रममा बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, हेटौंडा-६ का वडाअध्यक्ष बिष्णुबहादुर दाहाल, ७ नम्बर वडाअध्यक्ष दामोदर गौतम, १६ नम्बर वडाअध्यक्ष रामकृष्ण कोइराला, निर्माण व्यवसायी संघ मकवानपुर अध्यक्ष बालगोपाल कंडेलगायतको आतिथ्यता थियो ।

### शाक्य र भट्टराईलाई सामुदायिक सम्मान

रेडियो मकवानपुरले स्थापनाकालदेखि नै प्रदान गर्दै आएको सामुदायिक सम्मानबाट यसवर्ष मकवानपुर रिकभरिङ समूहका सन्चालक संदीप शाक्य र हेटौंडा-१७ हटियाका धार्मिक अगुवा नारायण भट्टराई सम्मानित भएका छन् ।

उनीहरु दुवैलाई नगद १० हजार रुपैयाँ सहित दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरिएको हो । हेटौंडा-१० का शाक्य एकदशक भन्दा लामो समय लागूऔषध प्रयोगलाई छोडेर रिकभरिङ समूह सन्चालन गर्दै आएका युवा हुन् भने भट्टराई ४ दशक बढी समयदेखि सनातन धर्मको संरक्षणसँगै नेपाल र भारतको विभिन्न स्थानमा आफ्नै अगुवाई एवम् लगानीमा समेत मन्दिर र धर्मशाला निर्माण गर्दै आइरहेका छन् ।

रेडियो मकवानपुरको उत्कृष्ट वर्ष कर्मचारीबाट पोष्टराज अधिकारी 'कुमार' सम्मानित भएका छन् । समाचार शाखामा कार्यरत उनलाई नगद ७ हजार रुपैयाँ सहित सम्मानपत्र प्रदान गरिएको छ । उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री डीना, प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, रेडियो मकवानपुर अध्यक्ष पराजुली लगायतले सम्मान गरेका हुन् ।

## झरना साहित्य परिवारले ९ जना स्रष्टालाई सम्मान गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ मकवानपुरमा क्रियाशील साहित्यिक संस्था झरना साहित्यिक परिवारले विभिन्न क्षेत्रका ९ जना स्रष्टालाई सम्मान गर्ने भएको छ । झरनाको ३१ औं वार्षिकोत्सव तथा बकैया कला-साहित्य महोत्सव, २०८० को अवसरमा सष्ट्रालाई सम्मान गर्न लागेको हो ।

झरना साहित्य परिवारले हेटौंडामा सोमबार पत्रकार सम्मेलन गर्दै यसवर्ष प्रदान गरिने पुरस्कार तथा सम्मानको जानकारी गराएको हो । यसवर्षको होमनाथ-टीकामाया प्रतिभा सम्मान २०७९ बाट काठमाडौंका डा. गीता त्रिपाठी सम्मानित हुने भएका छन् । त्रिपाठीलाई साहित्य क्षेत्रमा योगदान गरेबापत नगद २१ हजार १ सय २१ रुपैयाँ सहित सम्मान गरिने भएको हो । यो सम्मान साहित्यसेवी नुर प्रसाद गौतमले मातापिताको सम्मानमा स्थापना गरेका हुन् ।

यसैगरी, साहित्यको मुक्तक विधातर्फ खोटाङका बाबुराम पोखरेललाई सम्मान गरिने भएको छ । उनलाई साहित्यसेवी रमेशमोहन अधिकारीले मातापिताको नाममा स्थापित गरेको शिव-सावित्री अधिकारी स्मृति मुक्तक सम्मानबाट सम्मानित गरिने भएको हो । यो सम्मान नगद १५ हजार ५ सय ५५ रुपैयाँ रहेको झरना साहित्य परिवारले जनाएको छ ।

मकवानपुरमा साहित्यिक संस्था स्थापना र जगेर्ना गर्न योगदान गरेबापत प्रदान गरिने बाबुलाल-भोजमाया स्मृति साहित्य सम्मान हेटौंडाका साम्ब ढकाललाई प्रदान गरिने भएको छ । नगद १५ हजार ५ सय ५५ राशीको रहेको यो पुरस्कार साहित्यसेवी एवम् बालजागृति बोर्डिङका प्रिन्सिपल विनोद सुवेदीले मातापिताको नाममा स्थापित गरेका हुन् । पत्रकारिताको माध्यमबाट संस्थाको प्रचारप्रसारमा सहयोग पुऱ्याएको भन्दै पत्रकार रामकुमार एलनलाई गोकर्ण गौतम स्मृति पत्रकारिता पुरस्कारबाट सम्मान गरिने भएको छ । यो सम्मानको राशी नगद ११ हजार १ सय ११ रहेको छ । यो पुरस्कार स्व. गोकर्ण गौतमकी माता नन्ददेवी गौतमले स्थापना गरेकी हुन् ।

त्यस्तै, साहित्यसेवी अर्पण पराजुली र दर्पण पराजुलीले मातापिताको सम्मानमा स्थापित गरेको खडानन्द-मनमाया प्रतिभा सम्मानबाट स्याङ्जाका मिलन समिर, साहित्यसेवी राजन दंगालले आफ्नी दिवंगत छोरीको स्मृतिमा स्थापना गरेको सुशीला दंगाल स्मृति सिर्जनशील नारी सम्मानबाट बिमला कार्की सुस, साहित्यसेवी तुलसी गिरीले स्थापना गरेको सञ्जीवनी बुटी साहित्य सेवा सम्मानबाट भरतप्रसाद सापकोटा र बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले स्थापना गरेको खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मानबाट बासुरीवादक बिष्णु घतानीलाई सम्मान गरिने झरनाका सचिव मसान उपासकले जानकारी दिए ।

उनीहरुलाई जनही नगद ७ हजार ७ सय ७७ सहित सम्मान गरिने भएको छ । त्यस्तै ५ हजार ५ रुपैयाँ राशीको झरना-बकैया नवप्रतिभा पुरस्कार गजलकार अजर फुयाँललाई प्रदान गरिने भएको छ । यो पुरस्कार बकैयाका चन्द्रकुमार राईले स्थापना गरेका हुन् । झरनाको ३१ औं वार्षिकोत्सव तथा बकैया कला-साहित्य महोत्सव, २०८० फागुन ११ र १२ गते हुने कालीदेवी मावि बकैया-९, शिखरपुरमा हुने झरना ्राहित्य परिवारका उपाध्यक्ष चिरञ्जीबी लामिछानेले जानकारी दिए ।

लामिछानेका अनुसार पहिलो दिन रचनावाचन र चित्रकला प्रतियोगिता हुनेछ । बकैया बिशेष रचनावाचन पनि पहिलो दिनमा नै हुनेछ । कला साहित्य महोत्सवको दोस्रो दिन नवपुस्ता केन्द्रित रचनावाचन कार्यक्रम, चेतनाको विकासमा स्थानीय तहको भूमिका विषयक वहस, खुल्ला कविताबाचन, गजल, मुक्तकवाचन/गायन तथा सम्मानित स्रष्टाको मन्तव्य र रचनावाचन कार्यक्रम हुने झरनाका अध्यक्ष बिश्वनाथ संजेलले जानकारी दिएका छन् । कार्यक्रममा झरनाका संस्थापक अध्यक्ष रमेशमोहन अधिकारी, जनार्दन खनाल, पत्रकार महासंघका पूर्वअध्यक्ष भानुभक्त आचार्य, महासंघकी सचिव शुभलक्ष्मी बिकलगायतको उपस्थिति रहेको थियो ।

## विद्यार्थीलाई कक्षाकोठामै सालक देखाइयो



साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ हेटौंडा उपमहानगरपालिका-६ चौघडामा रहेको बंशगोपाल माध्यमिक विद्यालयका विद्यार्थीले सोमबार दुर्लभ जनावर सालकको प्रत्यक्ष अवलोकन गरेका छन् ।

चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहले सालक संरक्षण अभियानअर्न्तगत विद्यार्थीलाई सालकको बारेमा जानकारी दिन प्रत्यक्ष सालककै अवलोकन गराएको समूहका सचिव केदार गौतमले जानकारी दिए । सचिव गौतमले विद्यार्थीलाई सालकको परिचय, बासस्थान, सालकको चोरी हुनुका कारण र संरक्षणका उपायका बारेका प्रष्ट पारेका थिए । समूहका क्षेत्रीय संयोजक केदार पुडासैनी, लेखासमिति संयोजक गोपाल भट्टराई, कार्यालय सहयोगी कृष्ण पुडासैनीको उपस्थिति रहेको थियो ।

प्रत्यक्ष आफ्नै कक्षाकोठाभित्र सालक देख्दा आफूहरु अचम्ममा परेको र सालकको बारेमा पाठ्यपुस्तकमा पढेको तर आज वास्तविक सालक देख्दा धेरै रमाइलो लागेको विद्यार्थीहले बताए । संसारमा आठ प्रजाति र नेपालमा दुई प्रजातिका सालक रहेका छन् । संरक्षण अभियान अर्न्तगत हालसम्म सातओटा विद्यालयमा कार्यक्रम सन्चालन गरि सकेको छ ।

## भीरबाट लड्दा एकजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ मकवानपुरको कैलाश गाउँपालिकामा भीरबाट लडेर १ जनाको मृत्यु भएको छ । कैलाश-७ चाइर ङडाँडामा भीरबाट लडेर टुर्डुङग् वस्ने ५० बर्षीय आइतराम चेपाङको मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ ।


आइतबार चेपाङ कालिकाटार बजारबाट घरतर्फ फर्कने क्रममा गोरेटो बाटोबाट लड्दा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाकारी दिएको छ । सोमबार प्रहरी टोली घटनास्थल पुगेर कानुनी प्रक्रिया पूरा गरी शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याइएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# कलाकारले धानेको मेला

उद्योग, व्यापार, कृषिउत्पादन तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पाँचौं मनहरी महोत्सव-२०८० आयोजना गरिएको छ । वर्षेनी निजी क्षेत्रले बिभिन्न स्थानमा मेला/महोत्सवको आयोजना गर्दै आएका छन् तर, राज्यले गर्नुपर्ने दायित्व के हो भनने कुरा छलफलमै आउन सकेको छैन । राज्यले गर्नुपर्ने काम निजी क्षेत्रले गर्दै आएको छ । मनहरीका ब्यवसायी तथा स्थानीयको सक्रियताले मेला महोत्सव आयोजना गर्दै आएको हो । यसप्रकारका मेला महोत्सवले अर्थतन्त्रलाई चलायमान गराउन सक्छ । यतिबेला आर्थिक मन्दीका कारण उपभोक्तासँग क्रयशक्ति छैन । निजीक्षेत्र अहिले आफैं समस्यामा छ तर, पनि यसप्रकारको मेला महोत्सव अयोजना गरिरहेको छ । अर्थतन्त्रलाई चलायमान गराउनु नै महोत्सवको मुख्य उद्देश्य हो । महोत्सवलाई सफल बनाउन आयोजकले कलाकारको सहयोग लिएरै भएपनि लागिपरेको छ । कतिपय स्थानमा मेला महोत्सव ठेक्कामा सञ्चालन गरिंदै आएको छ । ठेक्कामा संचालन गरिएका मेला महोत्सवले मेलाको गुणस्तरीयतामा कमी आउँछ ।

मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिको आयोजनामा माघ १६ गते सुरु भएको महोत्सव माघ २८ गतेसम्म चल्नेछ । महोत्सवमा स्थानीय परिकार र उत्पादनसहित १५० स्टल छन् । स्थानीय माछा, तामा, मास, गहत, दलहन, चेपाङ जातिले जीवनयापनका लागि उपभोग गर्ने गिठ्ठा भ्याकुर, बनकरिया समुदायद्वारा उत्पादित साबुन, कैलाश गाउँपालिकाको तर्फबाट कुरिलोसहितका कृषि उत्पादनका बस्तुहरु, राक्सिराङ गाउँपालिकामा उत्पादित कृषिजन्य बस्तु तथा फापरको सेलरोटीलगायत स्थानीय बस्तुलाई महोत्सवमा प्रवर्द्धन गरिएको छ । साथै दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति, विभिन खेलसहितको बालउद्यान, होटल, कपडा, फलामे उत्पादन, इलेक्ट्रोनिक्स सामानसहितका स्टलको व्यवस्थापन गरिएको छ । मेलामा बालबालिकाको ध्यान बालउद्यानतर्फ बढी देखिएको सहभागीहरुले बताएका छन् । बालबालिकाले मेलामा खासै किनमेल भन्दा पनि मनोरञ्जनप्रति बढी ध्यान दिने गरेका छन् । पूर्वपश्चिम राजमार्गमै रहेको मनहरी बजारको छेवैमा जारी महोत्सवमा राजमार्गमा यात्रा गर्ने दर्शक पनि आकर्षण गर्नसक्ने योजना निर्माण गर्नु जरुरी थियो । मनहरी आसपासको उत्पादनलाई देशका विभिन्न स्थानमा पुर्‍याउने भिजनसहितको योजना बनाएर यस्ता मेला महोत्सव गर्न सकेको भए अझै प्रभावकारी हुने थियो । किसानले उत्पादन गरेको वस्तुलाई निर्यात गर्न सकियो भने जिल्लाकै आर्थिक विकासमा टेवा पुग्ने थियो । स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न महोत्सवमा नि:शुल्क स्टलको ब्यवस्था नगरिएको सहभागीले बताएका छन् । मनहरी महोत्सव २०८० मा चर्चित हाँस्य जोडी धुर्मुस-सुन्तली (सीताराम कट्टेल र कुन्जना घिमिरे) ले आइतबार दर्शकलाई पेट मिचीमिची हँसाएका छन् । उनीहरुले समसामयिक सामाजिक विकृति तथा राजनीतिक विकृतिविरुद्ध व्यङ्ग्य गरेका थिए ।

मेलामा भएको ब्यापार र रकम उल्लेख गरेर समाचार लेख्दा कर कार्यालयले आयोजकको घाँटी समाउने भएका कारण कलाकारको प्रस्तुतिको बढी हाइलाईट गरिन्छ । मेलामा नयाँ प्रबिधिका बारेमा बहस खासै हुने गरेको छैन । मेलामा आएका दर्शकले पनि सामान किनमेल गर्ने वा सामानका बारेमा बुझ्ने काममा खासै ध्यान दिएका छैनन् । मेलाको लक्ष्य, उद्देश्य भन्दा पनि मेलामा पुगेका दर्शक कलाकारतर्फ आकर्षित हुने गरेका छन् । मेलामा मनहरी-३ को स्थानीय उत्पादन च्याउको म:म, छोएला, पकौडा, अचार लगायत परिकार उपभोक्ताले रुचिकासाथ खाएको मेलामा स्टल संचालनले बताएका छन् । मेलामा राखिएको च्याउको परिकार प्रदर्शन र उपभोक्तालाई च्याउको नयाँ स्वाद पस्केको छ । स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने कार्यमा मेलाले सहयोग गरेको सहभागी बताउँछन् । उपभोक्तालाई पनि च्याउखेती गर्ने प्रविधि र च्याउका धेरै परिकार बनाएर खान सकिन्छ भन्ने जानकारी गराइएको छ । बोसोरहित म:मका रुपमा अर्गानिक च्याउको म:मलाई मेलामा दर्शकले मन पराएका छन् । मुटुरोगी, सुगर, प्रेसरका रोग भएका दीर्घरोगीले पनि यसलाई सेवन गर्न सकिन्छ र यसको कुनै नकारात्मक असर छैनन् भन्ने जानकारी उपभोक्तामा भएको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ २४ गते बुधबार ७ फेब्रुअरी २०२४ । द्वादशी, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:५०, सूर्यास्त ५:४७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विदेशबाट लाभ | तुला | : कार्यमा अवरोध |
| वृष | : आफन्तमा विवाद | वृश्चिक | : स्वजनबाट विरोध |
| मिथुन | : स्थानान्तरणको योग | धनु | : शैक्षिककार्यमा बाधा |
| कर्कट | : सन्तान पक्षबाट नैराश्यता | मकर | : सन्तान पक्षबाट सन्तोष |
| सिंह | : पराक्रम वृद्धि | कुम्भ | : आफन्तमा विवाद |
| कन्या | : आफन्तबाट सहयोग | मीन | : कार्यमा ढिलाइ |

# संक्रमणकालीन न्यायमा भागबन्डा गरेर सहमति खोज्ने प्रयास गलत



✍ सुमन अधिकारी




राज्य संयन्त्रमा भागबन्डा गरेर संक्रमणकालीन न्याय ऐन संशोधनमा सहमति खोज्ने प्रयास नै गलत छ। राजनीतिक स्वार्थ एवम् भागबन्डामा असहमतिका कारण समग्र प्रक्रिया नै अड्काउनु आपत्तिजनक छ। असहमति न्यायको सिद्धान्त तथा पीडितलाई न्याय दिने सवालमा पो हुनुपर्छ।

दशक लामो हिंसात्मक सशस्त्र द्वन्द्व अन्त्यका लागि सरकार र तत्कालीन विद्रोही नेकपा माओवादीबीच विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष लाग्यो तथापि सङ्क्रमणकालीन न्याय टुंगोमा पुगेको छैन ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ का विवादास्पद प्रावधानविरुद्ध २३४ जना द्वन्द्व पीडितहरूले सर्वोच्च अदालतमा रिट हाले । सर्वोच्चले २०७१ फागुन १४ मा ऐन संशोधन गर्न सरकारका नाममा परमादेश दियो ।

संक्रमणकालीन न्यायलाई सधैं सत्ता लेनदेनको तुरूप बनाएका दलहरूको प्राथमिकतामा संशोधन कहिल्यै परेन । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग दलीय स्वार्थ र दाउपेचको शिकार बनाइँदा आम द्वन्द्वपीडित दुई दशकदेखि न्यायबाट वञ्चित भइरहेका छन् ।

संक्रमणकालीन न्याय ऐनको तेस्रो संशोधन विधेयक एक वर्षदेखि प्रतिनिधिसभामा विचाराधीन छ । २०७९ फागुनमा संसदमा दर्ता संशोधन विधेयकउपर विभिन्न सांसदहरूले पेश गरेका संशोधन प्रस्तावमाथि छलफल गरी सहमतिको प्रतिवेदन तयार गर्न २०८० जेठमा प्रतिनिधि सभाको कानुन, न्याय तथा मानवअधिकार समिति अन्तर्गत उपसमिति गठन भयो । उक्त उपसमितिले प्रयास गरे पनि संशोधनका अन्तर्वस्तुहरूमा सहमति जुटाउन सकेन ।

उपसमितिले विभिन्न सरोकार वालाहरूसँग परामर्श गरी सहमति जुटेका एवम् नमिलेका विषयहरू सहितको प्रतिवेदन गत असोजमा समितिमा बुझायो । प्राप्त प्रतिवेदनमाथि आपसमा गहन छलफल एवम् सरोकार वालाहरूसँग छलफल गरेर सहमति जुटाउनुपर्ने सार्वभौम संसदीय समितिले प्रमुख दलका शीर्ष नेतृत्वको मुख ताकिरहेका छन् ।

### उपसमितिको प्रतिवेदन

उपसमितिले सरोकारवालाहरूले उठाउँदै आएका धेरै बुँदामा सहमति जुटेको छ भने पनि कतिपय बुँदाहरूलाई बेवास्ता गरेको छ । प्रतिवेदनमा मानवअधिकार उल्लंघनको परिभाषा झिकेर मानवअधिकार उल्लैन बाहेकका प्रचलित नेपाल कानुन, अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुन विपरीत गरिएको अन्य जुनसुकै कार्य राखिएको छ ।

मानवअधिकार उल्लंघन अन्तर्गत हत्याको परिभाषामा सहमति जुट्न सकेको छैन । साविकमा ऐनमा रहेको बेपत्ता पार्ने कार्यको परि भाषा पुन: राखिएको छ । मानवअधिकारको गम्भीर उल्लंघनको दायरामा जबर्जस्ती करणीका अतिरिक्त गम्भीर यौनजन्य हिंसा समेटिएको छ, अमानवीय वा क्रूरतापूर्वक दिएको यातनालाई मात्र गम्भीर उल्लंघनमा राखिएको प्रावधान संशोधन गरिएको छैन ।

आयोगका पदाधिकारी सिफारिस गर्नुअघि सम्भाव्य उम्मेदवारहरूको सूची प्रकाशन गर्ने, उम्मेदवारको पृष्ठभूमि र सार्वजनिक प्रतिक्रियाका आधारमा नियुक्तिको सिफारिस गर्ने भनिएको छ । तथापि यो प्रक्रिया विगतको भन्दा तात्विक भिन्न देखिन्न । समिति गठन भएको दुई महिनाभित्र सिफारिस गर्ने व्यवस्था गरिएको छ । विगतको अनुभवले दुई महिनामा सिफारिस प्रक्रिया सम्पन्न हुनेमा विश्वस्त भैहाल्न गाह्रो छ । आयोगबाट सहमति लिएर कर्मचारी सरुवा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको म्याद चार वर्ष गरिएको छ । जबर्जस्ती करणी तथा यौनजन्य हिंसाका घटनामा उजुरी दिन तीन महिना समयको व्यवस्था गरिएको छ । आयोगले परिपूरणका लागि सिफारिस नगरेमा वा चित्तबुझ्दो सिफारिस नगरेमा आयोगविरुद्ध विशेष अदालतमा उजुरी दिन पाउने व्यवस्था गरिएको छरु ।

यस ऐन अन्तर्गत सरकारी वकिलले दायर गएको मुद्दा प्रचलित कानुन बमोजिमको हदम्यादभित्र मानिने र द्वन्द्वपीडितका हकमा पीडित संरक्षण ऐन, २०७५ अन्तर्गतका अधिकार समेत लागू हुने व्यवस्था गरिएको छ । विशेष अदालतको निर्णय चित्त नबुझे ३५ दिनभित्र सर्वोच्च अदालतमा गठन हुने संयुक्त इजलासमा पुनरावेदन गर्न सकिने व्यवस्था गरिएको छ ।

सम्पत्ति क्षतिको मूल्यांकन गर्दा प्रचलित बजार मूल्य समेतको आधारमा सिफारिस गर्नुपर्ने व्यवस्था गरिएको छ । आयोगमा सत्य अन्वेषण तथा छानबिन इकाइ, परिपूरण इकाइ, मानवअधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाको अनुसन्धान इकाइ, यौनजन्य हिंसा तथा जबरजस्ती करणीका घटना छानबिन इकाइ, पीडित समन्वय इकाइ र अन्य इकाइहरू रहने व्यवस्था गरिएको छ ।

### टुंगो नलागेका भनिएका चार सवाल

उपसमितिको प्रतिवेदनमा थप छलफल गरी टुंग्याउनुपर्ने चार बुँदा समावेश गरिएको छ । उक्त सवाल शीर्ष नेताहरूको सहमतिपछि टुंगो लाग्ने भन्ने सुनिएको छ । क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको सट्टा स्वेच्छाचारी रूपमा गरिएको क्रूरतापूर्वक गरिएको हत्या वा दोहोरो भिडन्त बाहेक गरिएको हत्यामध्येमा थप छलफल गरेर टुंग्याउनुपर्ने भनिएको छ ।

संशोधनमा अन्तर्राष्ट्रिय कानुनका मूल्यमान्यता तथा शब्दावलीसँग तालमेल हुने शब्दावलीहरू पहिचान गरी राखिनुपर्दछ । मानवीय कानुन बाहिर गएर गरिएको हत्या आफैंमा क्रूर र अमानवीय हुन्छ । स्वेच्छाचारी हत्यामा जोडिएको स्वीकार्य हुनसक्ने तर क्रूरतापूर्वक शब्द हटाउनुपर्ने तर्कहरू एकातिर सुनिएका छन् । अर्कोतिर गैरकानुनी हत्या, निशस्त्र नागरिकको हत्या निरन्तर बहसमा रहेका शब्दावली हुन् ।

दोस्रो बुँदामा सशस्त्र द्वन्द्वका क्रममा जोडिएका र प्रभावित व्यक्तिलाई कसरी सम्बोधन गर्ने भनेर द्वन्द्वपीडित सुरक्षाकर्मी, बाल/अयोग्य लडाकूलाई समेट्न खोजिएको देखिन्छ । द्वन्द्वका कारण अन्यायमा परेका द्वन्द्वपीडित सुरक्षाकर्मी, बाल/अयोग्य लडाकू लगायतका सवाल राज्यले सम्बोधन गर्नुपर्छ । उक्त सवाल गम्भीर मानवअधिकार उल्लंघनका घटनाहरूको निरुपण गर्ने सत्य आयोगबाट नभई छुटै संयन्त्रबाट सम्बोधन गर्नु उपयुक्त हुन्छ ।

मानवअधिकार उल्लंघनमा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभए के गर्ने भन्ने बुँदा हास्यास्पद छ । सर्वोच्च अदालतले मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति हुनुपर्ने फैसला गरेको एवम् संशोधन विधेयकमा समेत मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति हुनुपर्ने व्यवस्था गरिएको छ । तसर्थ, पीडितको सहमति नभएमा प्रमाणको उपलब्धताको आधारमा अभियोजनमा जानुको विकल्प रहँदैन ।

चौथो बुँदामा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोकेर जाने भनेर राखिएको छ । प्रतिशत नै तोकेर सजाय यति घटाउने भनी न्यायालयलाई निर्देशित गर्नु स्वतन्त्र न्यायपालिकाको मान्यताको प्रतिकूल हुन्छ । बढी वा घटी सजाय गर्ने आधार र कारण ऐनमा समावेश गर्न सकिन्छ । अपराधको प्रकृति र गाम्भीर्य हेरेर सजाय घटबढ गर्ने विषय संक्रमणकालीन न्याय सम्बन्धी विशेष अदालतको स्वविवेकमा छाडिनुपर्दछ ।

### सहमतिबाट पास नहुनुपर्ने किन ?

संसदीय समिति तथा राजनैतिक शीर्ष नेतृत्वले पीडित केन्द्रित एवम् सहमतिमा संशोधन पारित गर्छौं, छिटो पारित गर्छौं भन्ने प्रतिबद्धताको रटान वर्षौंदेखि पटक-पटक लगाएका छन् । तर न त समाधानका लागि लगातार बैठक बसिएको छ न त सिद्धान्तमा आधारित विषयकेन्द्रित गहन छलफल हुने गरेको देखिन्छ । स्वीकार्य ढंगले ऐन संशोधन गरी विश्वसनीय आयोग बनाउनेतर्फ राजनीतिक दल तथा शीर्ष नेतृत्वको तदारुकता र प्राथमिकतामा परेकै छैन ।

संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमण, संसदीय समितिहरूको गठन एवम् राष्ट्रिय सभाको निर्वाचनताका ऐन संशोधनमा सहमति गर्न भन्दै बाक्ला मौसमी बैठक भएका सुनिन्थे । एमालेलाई संसद्का थप दुई समितिका सभापति एवम् राष्ट्रिय सभामा सिट दिएर संक्रमणकालीन न्याय विधेयकमा सहमति गर्ने प्रयास गरिएको सुन्नमा आएको थियो ।

ती बैठकहरूमा ऐनका विवादित विषयवस्तुहरूमाथि गहन छलफल गर्ने, स्वीकार्य विकल्पहरू छलफल गरेर समाधानको प्रयास गर्ने भन्दा पनि शक्तिको भागबन्डा गरेर संक्रमणकालीन न्याय ऐन संशोधन विधेयकमा सहमति गर्न खोजेको देखिन्छ । राज्य संयन्त्रमा भागबन्डा गरेर संक्रमणकालीन न्याय ऐन संशोधनमा सहमति खोज्ने प्रयास नै गलत छ । राजनीतिक स्वार्थ एवम् भागबन्डामा असहमतिका कारण समग्र प्रक्रिया नै अड्काउनु आपत्तिजनक छ । असहमति न्यायको सिद्धान्त तथा पीडितलाई न्याय दिने सवालमा पो हुनुपर्छ ।

संक्रमणकालीन न्याय देशभित्रका केही पक्ष वा सरोकारवालाहरूको मात्र चासो र सरोकारको विषय नभई अन्तर्राष्ट्रिय कानुन, राष्ट्रको प्रतिबद्धतासँग जोडिएको एवम् समग्र सरोकार वालाहरूको चासो र सहकार्यले समाधान हुने राष्ट्रिय दायित्वको विषय हो । कानुनमा गरिने परिभाषा, राखिने व्यवस्था तथा शब्दावली अन्तर्राष्ट्रिय कानुन तथा मूल्यमान्यता मेल खाने हुनुपर्दछ । सत्ता र शक्तिमा भागबन्डाका आधारमा गरिने सहमति स्वीकार्य हुँदैन र समाधान पनि दिँदैन ।

अन्तर्राष्ट्रिय सन्धि-सम्झौताप्रति राज्यको दायित्व तथा सर्वोच्च न्यायालयका नजिरहरूको सिद्धान्तका आधारमा गरिने सहमति नै दिगो, स्वीकार्य एवम् समाधानमुखी हुन्छ । समग्र प्रक्रिया द्वन्द्वपीडित, मानवअधिकार समुदाय एवम् अन्तर्राष्ट्रिय समुदायलाई समेत मान्य र स्वीकार्य हुनुपर्दछ । अन्यथा विगतमा जस्तै मुद्दामामिलामा जाने, प्रक्रियामा असहयोग हुने र समाधान नहुनेतर्फ सरकार गम्भीर हुनैपर्छ ।

तसर्थ, संविधान र मानवअधिकार सम्बद्ध अन्तर्राष्ट्रिय सन्धि-सम्झौता, सर्वोच्च न्यायालयका नजीर, सिद्धान्त, स्थापित मूल्यमान्यता, शान्ति सम्झौता तथा पीडितको भावनाका आधारमा सहमति खोजिनुपर्दछ । सहमति नभए बहुमतबाट ऐन संशोधन गर्ने बहस पनि सुनिन्छ । सबै पक्षको सहकार्य र स्थापित मूल्यमान्यतालाई अवलम्बन गरेर मात्र संक्रमणकालीन न्यायको समाधान निस्कन्छ ।

सबै पक्ष सत्ताको भागबन्डा, निहित स्वार्थ तथा दाउपेचबाट माथि उठ्नुपर्छ । संक्रमणकालीन न्यायको राष्ट्रिय कार्यभार पूरा गर्नु सबैको दायित्व हो । स्थापित सिद्धान्त र मूल्यमान्यताका आधारमा पीडितको न्याय र संक्रमणकालीन न्यायलाई निष्कर्षको केन्द्रमा राखेर सहमतिमा नै ऐन संशोधन र समग्र प्रक्रिया अगाडि बढाउनुपर्छ ।

### ऐन संशोधनमा पीडित केन्द्रित सवाल

शीर्ष राजनीतिक तहदेखि सबैतिर संक्रमणकालीन न्याय पीडित केन्द्रित हुनुपर्ने बहस भएको सुनिन्छ । तर पीडित केन्द्रित संक्रमणकालीन न्याय भनेको के हो भन्ने विषयमा न ठोस बहस भएको देखिन्छ न त्यस सम्बन्धी कुनै ठोस योजना नै बनेको देखिन्छ । संक्रमणकालीन न्याय तथा आयोग प्रक्रियालाई पीडित केन्द्रित र लैंगिक मैत्री बनाउने अवधारणा एवम् खाका सरकार, संसद्, राजनैतिक दल एवम् नागरिक समाज कतै पनि बनेको देखिंदैन ।

पीडित केन्द्रित भने पनि दलीय बहस र कदम चाहिं स्वार्थ केन्द्रित एवम् पीडक केन्द्रित हुने गरेकाले नै समाधान ननिस्केको हो । प्रक्रियालाई कसरी विश्वसनीय बनाउने, पीडितलाई न्याय कसरी दिने, पीडितको भावना के छ, न्यायका उपायहरू के के हुनसक्छन्, मूल्यमान्यता केकस्ता छन् भन्नेतर्फ बहस केन्द्रित भएको पाइँदैन ।

कसरी गम्भीर अपराधको दायरा सकेसम्म साँघुरो पार्ने, आयोग अनि प्रक्रियालाई प्रभावित पार्ने, विशेष अदालतलाई प्रभावित, दण्डसजायका प्रावधान सकेसम्म कमजोर पार्ने भन्नेमै ध्यान र बहस केन्द्रित भएको देखिन्छ । संशोधनमा प्रमुख दलहरूबीच असहमति तथा अडानका सवाल स्पष्ट रूपमा सार्वजनिक भएका छैनन् । उल्लंघनका पीडितहरूको प्रभावकारी उपचार, अपनत्व, पहिचान तथा प्रक्रियामा अर्थपूर्ण सहकार्य सुनिश्चित गर्नुपर्दछ ।

अपराधको वर्गीकरणमा अंगभंग वा अपाङ्ग बनाउने, गम्भीर शारीरिक तथा मानसिक यातनालाई मानवअधिकारको गम्भीर उल्लंघन अन्तर्गत राख्नुपर्दछ । शान्ति सम्झौताको बुँदा नं. ५.२.५ मा दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्नेदेखि मानवताविरुद्धको अपराधलाई अलग्गै अपराधको रूपमा दण्डनीय बनाउने व्यवस्था राखिनुपर्छ ।

राजनैतिक दबाब एवम् प्रभावका कारण विगतका आयोग विश्वसनीय भएनन्, काम पनि गर्न सकेनन् । सिफारिस समिति, आयुक्त छनोट प्रक्रिया एवम् आयोगको स्वायत्तता समग्र प्रक्रियाको सफलताका आधार हुन् । सिफारिस समिति एवम् छनोट प्रक्रियालाई स्वतन्त्र, सक्षम, विश्वसनीय र निष्पक्ष बनाउनुपर्ने पीडित समुदायको मागलाई नसुनेजस्तो गर्नु आपत्तिजक छ ।

पूर्व प्रधानन्यायाधीश, राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष वा प्रतिनिधि, सर्वोच्च अदालतका पूर्व न्यायाधीशसहित दुई सदस्य सरकारले मनोनित गरेर ५ सदस्यीय सिफारिस समिति बनाउन सकिन्छ । पूर्वन्यायाधीश, मानवअधिकार आयोगका अध्यक्ष वा प्रतिनिधि र सरकारले एकजना मनोनित गरी ३ सदस्यीय सिफारिस समिति गठन गर्दा पनि उपयुक्त हुन्छ ।

शान्ति निर्माणमा हासिल गरेको अनुभव तथा योगदान, संक्रमणकालीन न्याय प्रक्रियालाई सफल निष्कर्षमा पुर्‍याउने स्पष्ट मार्गचित्र र योजना लगायत मापदण्डका आधारमा विश्वसनीय प्रक्रियाद्वारा निष्पक्ष, सक्षम एवम् सर्वस्वीकार्य व्यक्तिहरूलाई छनोट गरी आयोग बनाउनुपर्छ ।

तोकिएको ४ वर्षको अवधिमा काम सम्पन्न गर्नका लागि आवश्यक पर्ने साधनस्रोत, बजेट, संरचना, विज्ञ, कर्मचारी, तयारी, सहकार्य एवम् विश्वसनीय आधारहरू तयार गर्नुपर्दछ । आवश्यक पर्ने स्रोत, विज्ञ तथा कर्मचारीको व्यवस्थापन गर्ने अधिकार आयोगलाई हुनुपर्दछ ।

तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेमा आयोगको म्याद थप्न सकिने व्यवस्था गर्नुपर्दछ । उजुरी गर्न छुटेका सबै प्रकृतिका पीडितलाई उजुरी दिने मौका दिनुपर्दछ । आयोगको सिफारिसउपर थप अनुसन्धान गर्नुपर्ने अवस्थामा एक वर्षभित्र मुद्दा चलाउन नसकिने अवस्था भए अदालतको अनुमति लिएर थप समय उपलब्ध गराउनुपर्दछ ।

सरकार एवम् राजनीतिक दलहरूले विगतमा आयोगको काममा सहयोग गर्ने भन्दा आफ्नो स्वार्थ अनुरूप उपयोग गर्न खोजे । उच्चस्तरीय भनिएको आयोगले माओवादी एवम् सुरक्षा निकायलाई विभिन्न जानकारी मागेर पत्र लेख्दा जवाफ पठाउनु साटो उल्टो केही नेताले किन पत्र काटेको भनेर आयोगलाई थर्काए भन्ने पो सुनिएको थियो । तसर्थ, आयोगको काममा असहयोग गर्ने निकाय, दल, संस्था तथा व्यक्तिलाई अवहेलनामा कारबाही गर्नसक्ने शक्तिशाली अधिकार आयोगमा हुनुपर्दछ ।

आयोगमा व्यवस्था गरिएका विभिन्न इकाइहरू विश्वसनीय हुनुपर्दछ, उक्त इकाइहरूमा सम्बन्धित विषय विज्ञहरू नियुक्त गर्नुपर्दछ । जस्तो मानवअधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाको अनुसन्धान इकाइमा विज्ञहरू रहनुपर्दछ । उजुरीको छानबिन सामान्य कर्मचारीबाट नभई विषयविज्ञहरूबाट गर्ने व्यवस्था मिलाउनुपर्दछ । पीडितसमक्ष पुग्नका लागि आयोगका संरचनाहरूको व्यवस्था गर्नुपर्दछ । उक्त संरचना राजनैतिक दबाब र प्रभावबाट मुक्त रहनुपर्छ ।

आयोगका विगतका कार्यशैली, उजुरी संकलन र सत्य अन्वेषण प्रक्रिया पीडितकेन्द्रित, लैंगिक संवेदनशील एवम् संक्रमणकालीन न्यायको अवधारणा अनुरूप थिएनन् । आयोगले सत्य अनुसन्धान नगर्ने, प्रमाण नखोज्ने, साक्षी नझिकाउने, पीडकको बयान लिनबाट भाग्ने अनि पीडितलाई प्रमाण लेउ, साक्षी लेउ भनेर थप पीडा, दबाब र र तनाव दिने गर्दथे ।

प्रमाण र साक्षीको भार पीडितमा होइन आयोगमा हुनुपर्दछ । आयोगले कतैको दबाब र प्रभावमा नपरी स्वतन्त्र र निष्पक्ष भएर सत्यको अन्वेषण गर्नुपर्दछ । आयोगले पीडित समुदायको पीडा र भावनालाई आत्मसात् गर्दै संवेदनशील, भावनात्मक, मन जित्ने व्यवहार तथा मनोसामाजिक परामर्शको व्यवस्था गर्नुपर्दछ । पीडितहरूले आयोगलाई पूर्ण विश्वास गर्नसक्ने, आफ्नो पीडा-व्यथा निर्धक्क भएर भन्नसक्ने वातावरण बनाउनुपर्दछ ।

आयोगहरूले नीतिनियम, निर्देशिका, संरचना, कार्यप्रक्रिया निर्माण गर्दा पीडित समुदायको अर्थपूर्ण परामर्श र सहभागिता हुनुपर्दछ । आयोगको कार्यप्रक्रिया विश्वसनीय, गोपनीय तथा सुरक्षित हुनुपर्दछ । यौनहिंसा पीडित लगायत सबै प्रकारका द्वन्द्वपीडित, साक्षी तथा दसीप्रमाणको गोपनीयता, सुरक्षा तथा संरक्षण गर्न विश्वसनीय उपायहरूको अवलम्बन गर्नुपर्दछ । यौनजन्य हिंसामा परेका व्यक्तिको सुरक्षा, गोपनीयता, उपचार लगायत प्रावधानको व्यवस्था गर्नुपर्दछ । आयोगमा दर्ता भएका उजुरीको छानबिन तथा समाधान गरी सबै पीडितलाई न्यायको अनुभूति गराउने मोडालिटी तय गर्नुपर्दछ । पीडक शक्तिशाली छन्, सत्ताको नजिक छन्, पीडित त्रसित छन् ।

तसर्थ, पीडितको स्वेच्छिक सहमतिमा मात्र मेलमिलाप हुने सहज वातावरण र प्रक्रियाको सुनिश्चित गर्नुपर्दछ । आयोग प्रक्रियामा सहयोग नगर्ने, माफीको लागि निवेदन पनि नदिने पीडकहरूलाई दण्डित गर्ने व्यवस्था हुनुपर्दछ ।

पीडितलाई तत्कालीन आवश्यकता, राहत, उपचार, सामाजिक सुरक्षा, सहायक सामग्री, औषधिउपचार आदिको तत्काल प्रबन्ध गर्नुपर्दछ । पीडाको प्रकृति, गाम्भीर्यका आधारमा पीडितका तत्कालीनदेखि दीर्घकालीन साझा तथा विशेष परिपूरणीय अधिकारहरूको सुनिश्चित गर्न विस्तृत परिपूरण नीति तथा कार्यक्रम बनाउनुपर्दछ ।

केन्द्र, प्रदेश तथा स्थानीय सरकारको साझा दायित्वका रूपमा पीडितलाई सहज र विना झन्झटिलो प्रक्रियाद्वारा परिपूरण उपलब्ध गराउनुपर्दछ । पहिचान, सम्मान तथा सेवा-सुविधा सहितको परिचयपत्रको व्यवस्था गर्नुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# छुट्टीको मुडमा नेपाल टेलिकम, सक्रिय ग्राहक निजी कम्पनीको भन्दा कम

काठमाडौं/झण्डै डेढ महिनाअघि दूरसञ्चार प्राधिकरणबाट कारवाहीको पत्र बुझेको नेपाल टेलिकमले सोमबार २० औं वार्षिकउत्सव मनायो । २०७९ को ३ र ४ फागुनमा पूर्व सूचनाबिनै घण्टौं सेवा अवरुद्ध भएको घटनामाथि अनुसन्धान सकेर नियामक निकाय प्राधिकरणले गत १३ पुसमा टेलिकमलाई ५० हजार रुपैयाँ जरि वाना तोकेको थियो ।




सरकारको बहुमत स्वामित्व रहेको टेलिकमको सेवामाथि प्रश्न उठेको र उसले कारबाही भोगेको यो पहिलो पटक भने होइन । त्यसैले सोमबार वार्षिक उत्सव समारोहमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले टेलिकमको सेवा सुधारमा नै बढी जोड दिइन् ।

उनले दूरसञ्चार सेवाको पहुँच र गुणस्तर वृद्धि गर्न र अप्टिकल फाइबर विस्तारलाई गति दिन निर्देशन समेत दिइन् । मन्त्री शर्माले कमजोर सेवाका कारण आकर्षणमा नपरेको डिजिटल वालेट 'नमस्ते पे' को प्रयोग बढाउन पनि स्मरण गराइन् ।

नेपाल दूरसञ्चार प्राधिकरणका कार्यबाहक अध्यक्ष नवराज अधिकारीले टेलिकमलाई प्रयोगकर्ताको संख्यामा रमाउनुभन्दा सेवा सुधार गरेर जनतालाई गुणस्तरीय सेवा दिन निर्देशन दिए ।

पछिल्ला वर्षहरुमा नेपाल टेलिकमको सेवाको गुणस्तर खस्किँदै गएको विभिन्न घटना र तथ्यांकहरुले देखाउँछन् । प्राधिरकणको पछिल्लो प्रतिवेदनअनुसार टेलिकमको जीएसएम मोबाइल सेवाका झण्डै एक करोड ग्राहक निष्क्रिय छन् । असोज महिनाको टेलिकम्युनिकेसन्स इन्साइट प्रतिवेदनमा नेपाल टेलिकमको २ करोड ८ लाख ८७ हजार मोबाइल प्रयोगकर्तामध्ये १ करोड १६ लाख ४८ हजार ९३७ मात्रै (५५.७६ प्रतिशत) सक्रिय छन् ।

निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलका प्रयोगकर्ता टेलिकमका भन्दा बढी छन् । एनसेलका १ करोड ३२ लाख ३४ हजार प्रयोगकर्तामध्ये १ करोड २९ लाख ६४ हजार (९७.९५ प्रतिशत) प्रयोगकर्ता सक्रिय छन् । यसरी निजी सेवाप्रदायक कम्पनीको निष्क्रिय प्रयोगकर्ता २.०४ प्रतिशत मात्रै रहँदा टेलिकमको ४४.२३ प्रतिशत प्रयोगकर्ता निष्क्रिय हुनुले सेवाको स्तरलाई झल्काउँछ ।

गत असारयता टेलिकमका प्रयोगकर्ता ४ लाख ९२ हजार (२.४१ प्रतिशत) ले बढेका छन् भने एनसेलको सेवाग्राही वृद्धिदर ०.०१ प्रतिशत (१ हजार ३१७ जना) मात्रै छ ।

सिमकार्ड बेचेका आधारमा नेपाल टेलिकमको बजार हिस्सा ६१.७८ प्रतिशत र एनसेलको ३८.२२ प्रतिशत छ । तर, सक्रिय सेवा लिने संख्याका आधारमा एनसेलको बजार हिस्सा ५१.४० प्रतिशत र टेलिकमको ४८.५९ प्रतिशत मात्रै छ । नेपाल टेलिकम नेपाल दूर सञ्चार निगमको रुपमा स्थापना भएको ४८ वर्ष भइसकेको छ र कम्पनीमा रुपान्तरण भएको २० वर्ष लागेको छ । २०३२ मा संस्थानका रुपमा 'नेपाल दूरसञ्चार निगम' को रुपमा स्थापना भएको संस्था २०६१ मा दूरसञ्चार कम्पनी लिमिटेड (एनडीसीएल) मा परिणत भएर 'नेपाल टेलिकम'को ट्रेडमार्कमा चलिरहेको छ ।

निजी सेवा प्रदायक कम्पनीहरु प्रतिस्पर्धामा आएपछि सेवास्तरमा सुधार गरिरहेको टेलिकम पछिल्ला वर्षहरुमा सेवास्तर सुधारमा उदासीन छ । मोबाइल (भ्वाइस र डेटा) बजारमा प्रतिस्पर्धा खुम्चिएर एनसेलसँग मात्रै सीमित हुँदा टेलिकम पनि 'छुट्टीको मुड' मा रहेको कम्पनीका एक उच्च अधिकारी बताउँछन् ।

'फोरजी सेवा विस्तारमा एनसेलले हामीलाई पछि पार्‍यो, फाइभजी सेवा परीक्षणको अनुमति पाएर पनि हामीले व्यापार योजना काम गर्न सकेका छैनौं, ती अधिकारीले भने, 'प्रतिस्पर्धी एनसेल पनि कर विवादमा फसेर ठूलो लगानी गर्ने अवस्थामा पुगेपछि टेलिकममाथि सेवा सुधारका काम गर्न खासै दबाब छैन ।'

अहिले टेलिकममा फोर जीका सक्रिय ग्राहक ५८ लाख ४९ हजार मात्रै हुँदा एनसेलमा ६८ लाख ८५ हजार सक्रिय ग्राहक छन् । थ्रीजीमा एनसेलका सक्रिय ग्राहक १८ लाख ३२ हजार छन् भने टेलिकमका १७ लाख २ हजार जनामात्रै छन् ।

टेलिकमको मोबाइलमा बेला-बेला नेटवर्क नै हराएर फोन नलाग्ने, लागे पनि कुरा नबुझिने, बीचमै सम्पर्क विच्छेद हुने, विना कारण ब्यालेन्स काटिने, अकस्मात पोस्ट पेड फोन वान-वे हुने लगायत समस्याले सक्रिय ग्राहक घटेको अधिकारीहरुको विश्लेषण छ । सुलभ मूल्यको सेवा उपलब्ध गराउनेतर्फ टेलिकम अग्रसर पनि देखिएको छैन ।

अझ टेलिकमको 'भ्वाइस ओभर एलटीई' (भोल्टे) मा समेत समस्या देखिने गर्दा एनसेलमा ग्राहक धेरै सक्रिय हुने गरेको टेलिकमकै अधिकारीहरु बताउँछन् । खास क्षेत्र, खास नेटवर्क र खास अवस्थामा पटक-पटक टेलिफोन सेवा अवरुद्ध हुने समस्या कायम छ । कारणबश सेवामा समस्या आउँदा समयमै सूचित गराउन समेत टेलिकम चुकिरहेको छ । टेलिकमले बिजुली, ढल, सडकको काम गरेका कारण पूर्वाधारमा क्षति पुग्दा र प्रणाली सुधारका काम गर्दा यस्ता समस्या आउने गरेको दाबी गर्दै आएको छ ।

सेवामा पटक-पटक समस्या आएको स्वीकार गर्ने नेपाल टेलिकमलाई जिम्मेवार बनाउन सरकारले कडा नियमन र निर्देशन गर्न सकेको छैन । टेलिकमको ल्यान्डलाइन टेलिफोन, मोबाइल र इन्टरनेट सेवामा पटक-पटक देखिने समस्याका कारण सरकारले करोडौं राजस्व गुमाइरहेको छ भने निजी सेवा प्रदायकले यसबाट लाभ उठाइरहेका छन् ।

टेलिकमकै प्राविधिक अधिकारीहरु भ्रष्टाचारको आरोपमा मुद्दा परेपछि गत १५ असोजबाट निलम्बनमा परेका टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलको अक्षमताका कारण पनि सेवस्तर सुधारको काम हुन नसकेको बताउँछन् । उनी टेलिकमबाहिबाट राजनीतिक सेटिङ मिलाएर २४ चैत २०७८ संस्थामा छिरेका थिए । उनको आगमनपछि संस्थाको व्यवस्थापकीय पक्ष नै समस्याग्रस्त बन्दै गएको थियो ।

त्यसबाहेक विभिन्न परियोजनाका ठेक्का प्रक्रियाहरुमा राजनीतिक, प्रशासनिक र स्वार्थ समूहहरुको द्वन्द्वको असर पनि टेलिकममा परेको अधिकारीहरुको दाबी छ । सञ्चार मन्त्रालयका सचिवले नै सञ्चालक समितिको अध्यक्षता गर्ने कारणले नियामक निकाय दूरसञ्चार प्राधिकरणले पनि टेलिकममाथि पर्याप्त नियमन गर्न सकेको छैन । सञ्चार मन्त्रालय दूरसञ्चार प्राधिकरणको तालुक निकाय भएकाले टेलिकमलाई निर्देशित गर्न प्राधिकरणको नेतृत्व र सञ्चालक समिति सदस्यहरु नै डराउने अवस्था छ ।

विभिन्न प्रणालीका जिम्मा लिएका 'भेन्डर' (सेवा करार गरि एका र जिम्मा लिएका कम्पनी) लाई टेलिकमले सेवा अवरुद्ध हुँदा क्षतिपूर्ति दिनुपर्ने गरी जिम्मेवार बनाएको छैन ।

नेपालकै निजी सेवा प्रदायक र विदेशी टेलिकम कम्पनीमा यस्तो छुट नपाइने भएपनि टेलिकम भित्रका भेन्डरलाई जिम्मेवार बनाउन टेलिकमले काम नै गरेको छैन । यसका कारण टेलिकमले आर्थिक नोक्सानी ब्यहोर्ने र उपभोक्ताले पनि सास्ती खेप्ने अवस्था देहोरिरहेको छ ।

गत वर्ष पटक-पटक सिस्टम डाउन भएर सेवा रोकिएपछि सञ्चार मन्त्रालयका सहसचिव गौरब गिरीको नेतृत्वमा भएको अध्ययन प्रतिवेदनअनुसार टेलिकमभित्र भेन्डर मार्फत हुने मर्मतको कामको 'प्रोसिड्योर' कमजोर छ ।

स्पष्ट योजना र निश्चित मापदण्ड नबनाई मर्मतका कामहरु हुने गरेका छन् । बिलिङसहित विभिन्न सिस्टमका रिकभरी सेन्टर आधारभूत मूल्यमान्यताका आधारमा चलेको पनि छैन । भेन्डरले टेलिकमकै अधिकारीहरू सहभागी नगराई मर्मतको काम गर्ने गरेको समेत अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

१४ माघमा टेलिकमलाई कारवाहीको पत्र पठाएर नेपाल दूर सञ्चार प्राधिरकणले पनि टेलिकम भित्र रहेका समस्या र सुझावहरु औंल्याएको छ । प्राधिकरणले मोबाइल सेवासँग सम्बन्धित प्रणालीहरुको प्राविधिक परीक्षण गर्न र चौबिसै घण्टा पर्फरमेन्स मनिटरिङ सिस्टमको व्यवस्था गर्न निर्देशन दिएको छ ।

'मोबाइल सेवाको सम्बन्धित प्रणालीसँग आवद्ध उपकरणहरु तथा लिंकहरुमा कुनै किसिमको अनियमित वा संवेदनशील गतिविधि वा कुनै समस्या आउनेबित्तिकै सम्बन्धित प्रणालीबाट स्वचालित रुपमा इमेल, एसएमएस लगायत विभिन्न माध्यमबाट अलर्ट नोटिफिकेसन सम्बन्धित पक्षलाई तत्काल जाने व्यवस्था गर्ने', निर्देशनमा भनिएको छ ।

यस्तै एउटा लिंकमा प्याकेट लस हुँदा अर्को लिंकमा ट्राफिक राउट हुने गरी कोर सिस्टमबाट ट्रिगरिङ हुने गरी तत्काल व्यवस्था गर्न र मोबाइल सेवासँग सम्बन्धित भेन्डर (ब्याकबोन, कोर, बीआरएएस र अन्य कुनै) सँग छलफल गरी लोड ब्यालेन्सिङको फुल फिचरहरु शीघ्र कार्यान्वयन गर्न पनि निर्देशन दिएको छ ।

पत्रमा पोस्टपेड बिलिङको कन्फिगरेसन अध्यावधिक नगरी लापरवाही हुने गरेको, तत्काल समाधान नभएको, ग्राहकको सेवा पनि क्रेडिट बार भएको, समस्याको विषयमा ग्राहकलाई समयमै एसएमएस पठाउन नसकेको लगायतका निष्कर्षका आधारमा कारवाही अघि बढाएको उल्लेख छ ।

सेवाको बिलिङ प्रोसस सञ्चालन गर्दा कुनै पनि प्रोसेस, थ्रेड, सिस्टममा समस्या आउनासाथ तत्काल स्वत: अलर्ट आउने व्यवस्था गर्न, पोस्टपेड सेवाको बिलिङ प्रोसेस 'रन' गर्दा र अन्य सम्वेदनशील प्रोसेसहरु रन गर्दा समेत सम्बन्धित विभाग, शाखा, महाशाखाका अधिकारीहरु तथा आपूर्तिकर्ता कम्पनीका विज्ञ टिम तयारी अवस्थामा राख्न र समस्या आए तत्काल समाधान गर्न पनि प्राधिकरणले निर्देशित गरेको छ । तेस्रो पक्षबाट बिलिङ प्रणालीको नियमित रुपमा सिस्टम अडिट गराउन पनि प्राधिकरणले भनेको छ ।

नेपाल टेलिकमकी निमित्त प्रबन्ध निर्देशक संगीता पहाडी विभिन्न समस्या र चुनौती पन्छाएर कम्पनीले सेवा विस्तार र सुधारको काम निरन्तर गरिरहेको बताउँछिन् । ७७ वटै जिल्लामा फोरजी प्रविधिमा आधारित मोबाइल र डाटा सेवा दिइरहेको भन्दै उनले ४ जिल्लामा अप्टिकल फाइबरमा आधारित एफटीटीएच सेवा पुगिसकेको बताइन् ।

'कम्पनीको ग्राहक निरन्तर वृद्धि भइरहेको छ, फाइबर सेवालाई थप आकर्षक बनाउन काम हुँदैछ', उनी भन्छिन्,'राजमार्गहरुमा नेटवर्क सुधारको काम अघि बढेको छ, १९ जिल्लालाई नमूना दूरसञ्चार जिल्ला घोषणा गरेर गुणस्तर सुधार कै काम गर्दैछौं ।'

*(स्रोत: अनलाइनखबर)*

# 'रुमानी'मा साम्राज्ञी र आर्यनको जोडी



काठमाडौं/'डायरी' निर्देशक अनिल योञ्जनले करिब ७ वर्षपछि फिल्म 'रुमानी'बाट कमब्याक गर्ने भएका छन् । आगामी चैतबाट छायांकनको तयारी गरिएको फिल्ममा अभिनेत्री साम्राज्ञी आरएल शाह र अभिनेता आर्यन अधिकारी मुख्य भूमिकामा अनुबन्धित भैसकेका छन् । अर्थात् फिल्ममा उनीहरुको जोडी बाँधिनेछ । लभस्टोरी कथावस्तुमा बन्न लागेको फिल्मको सम्पूर्ण छायांकन अष्ट्रेलियामा हुनेछ ।

फिल्मलाई हरि मल्ल ठकुरी र जिएम ठकुरीले मिलेर निर्माण गर्नेछन् । 'रुमानी' नाममा ५ वर्षअघि एक कम्पनीले चलचित्र विकास बोर्डबाट निर्माण इजाजत लिइसकेको छ । तर, फिल्म भने बनेको छैन । बोर्डमा नाम दर्ता गरेको तीन वर्षसम्म फिल्म निर्माण भएर प्रदर्शनमा नआए निर्माण इजाजत स्वत: रद्द हुने प्रावधान छ । यसैले हरि र जिएमले यो नाम लिन अहिले दौडधुप गरिरहेका छन् ।

'रुमानी'मा निर्माता ठकुरी स्वयंको कथा र निर्देशक योञ्जनको पटकथा तथा संवाद छ । फिल्मबारे ठकुरी भन्छन्, 'फिल्म लभस्टोरी भए पनि चलिरहेको धारभन्दा अलि फरक छ । प्रेमकथामा पनि संवेदनशील विषय उठाउँदैछौं ।' हरि र जिएमले यसअघि फिल्म 'लाखे' निर्माण गरेका थिए । 'रुमानी'को शाब्दिक अर्थ सुन्दर र मनमोहक हुन्छ । यो शब्दले खासमा महिलालाई प्रतिनिधित्व गर्छ ।

साम्राज्ञीको कामको कुरा गर्दा उनको मुख्य भूमिका रहेको फिल्म 'लण्डन टु पेरिस'को केही प्रतिशत छायांकन अड्किएर बसेको छ । सम्भवत: आगामी महिनाभित्र फिल्मको बाँकी छायांकन सुरु हुन सक्नेछ । गत भदौ अन्तिममा साम्राज्ञी फिल्म 'नांङ्गो गाउँ'मा देखिएकी थिइन् । त्यस्तै, आर्यनको पछिल्लो रिलिज फिल्म 'लाखे' हो । फिल्म 'के म तिम्रो होइन र'बाट उनको डेब्यु भएको थियो ।

# 'सिटामोल'मा सौगात र बेनिशाको गाउँले गेटअप



काठमाडौं/'झ्यानाकुटी'पछि अभिनेता सौगात मल्ल र अभिनेत्री बेनिशा हमालको फेरि एकपटक फिल्ममा जोडी बाँधिएको छ । राजबहादुर साने निर्देशित फिल्म 'सिटामोल'मा उनीहरु एकसाथ देखिँदैछन् । यतिबेला सिन्धुली क्षेत्रमा छायांकन भैरहेको फिल्मको सेटबाट सौगात र बेनिशा क्यारेक्टर लुक्स सार्वजनिक भएको छ । फिल्मीखबरलाई प्राप्त तस्विरमा उनीहरु गाउँले गेटअपमा प्रस्तुत छन् ।

शिरमा ढाकाटोपी र स्टकोट लगाएका सौगातले एउटा हातमा कुखुराको भाले बोकेका छन् भने अर्को हातले बैसाखी टेकेका छन् । उनीसँगै उभिएकी बेनिशा बच्चा बोकेर देखिएकी छन् । उनी सुत्केरी महिलाको गेटअपमा छिन् । यो तस्वीरले फिल्ममा सौगात र बेनिशा श्रीमान्-श्रीमतीको भूमिकामा रहेको बुझाउँछ । 'झ्यानाकुटी'मा पनि उनीहरुले दम्पतीको भूमिकामा अभिनय गरेका थिए ।

सशस्त्र द्वन्द्वको पृष्ठभूमिमा निर्माण भैरहेको फिल्मलाई अर्को वर्षको तीजमा रिलिज गर्ने निर्माण टिमको योजना छ । दिव्य सुवेदीले छायांकन गरिरहेको फिल्ममा लोकेन्द्र लेखकको पनि मुख्य भूमिका छ । फिल्मको कथा निर्देशक साने स्वयंको हो भने पटकथा प्रदीप भारद्वाजले लेखेका हुन् । निर्देशक सानेले यसअघि 'वृन्दावन', 'वीरंगना', 'डोली' आदि फिल्मको निर्देशन गरिसकेका छन् ।

# अदालतको आदेश : अरुण चौधरीलाई अब २ दिन भन्दा हिरासतमा नराख्नू

काठमाडौं/जिल्ला अदालत काठमाडौंले बाँसबारी जग्गा प्रकरणमा अनुसन्धानका लागि पक्राउ परेका अरुण चौधरीसहित ३ जनालाई अबको दुई दिन भन्दा बढी हिरासतमा नराख्न आदेश दिएको छ ।

यसअघि प्रहरीले हिरासतमा राख्न अनुमति लिएको चार दिनको म्याद सकिएपछि पक्राउ परेका चौधरी, तत्कालिन बाँसबारी छाला जुत्ता कारखानाका कार्यकारी अध्यक्ष अजितनारायण सिंह र सञ्जय ठाकुरलाई सोमबार जिल्ला अदालत काठमाडौंमा पेश गरेको थियो । जिल्ला न्यायाधीश यज्ञप्रसाद आचार्यको इजलासले उनीहरुलाई अब दुई दिन भन्दा बढी हिरासतमा नराख्न आदेश दिएको हो ।

पक्राउ परेकाहरुबाट थप बुझ्नुपर्ने वा कागज गराउनुपर्ने भएमा त्यस अगावै पनि अनुसन्धान अधिकारीले हाजिर जमानीमा छाड्न सक्ने र त्यसो नभएमा म्याद थप भएको दुई दिनभित्र बुझ्नुपर्ने बाँकी काम सक्ने र नसकिएमा अनुसन्धानमा सहयोग गर्ने कागज गराई हाजिर जमानीमा छाड्न आदेश दिइएको छ ।

महाराजगञ्जस्थित बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी जग्गा सिजी चाँदबाग र सिडेन्सी नामक निजी कम्पनीमा सारेको विषयमा अनुसन्धान गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो सीआईबीले चौधरीसहित तीनै जनालाई १८ माघमा पक्राउ गरेको थियो । स्वास्थ्य अवस्था कमजोर रहेको भन्दै उनीहरु हाल ग्राण्डी अस्पतालमा उपचाररत छन् ।

जिल्ला अदालतले पक्राउ परेकाहरुले आफूउपर लागेको आरोपमा अनुसन्धानमा सहयोग गर्ने प्रतिवद्धता जनाएको, विवादित सम्पत्ति कसैले मास्न लुकाउन वा अहिले नै अन्यत्र हक हस्तान्तरण गरी अनुसन्धान प्रभावित पार्न सक्ने अवस्था नरहेको भन्दै अनुसन्धानका लागि प्रहरीले मागे अनुसार २५ दिन नै समय नचाहिने बताएको छ ।

आरोपितमध्ये अजित नारायण सिंह थापाको उमेर ८० वर्ष भन्दा माथि रहेको र अरु आरोपित पनि पेशा व्यवसायमा रही हजारौंलाई रोजगारी दिने अभिभावकको भूमिकामा रहेको देखिएको भन्दै अदालतले २२ गतेदेखि लागू हुने गरी २ दिन भन्दा बढी हिरासतमा नराख्ने गरी म्याद दिएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

हेटौंडामै उत्पादित

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# आर्मीलाई सडन डेथमा हराउँदै राजारानी क्लब अन्तिम चारमा

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ हेटौंडामा जारी छैठौं संस्करणको स्थानीय तह शहीदस्मृति मकवानपुर गोल्डकपमा विभागीय टोली आर्मीले राजारानी क्लब धनकुटासँग पराजित भएको छ ।



प्रतिस्पर्धात्मक खेलमा आर्मी सडनडेथमा राजारानी क्लबसँग पराजित भएको हो । पोखरामा दुईदिन अघि मात्रै आहारारा गोल्डकपको उपाधि उचालेको त्रिभुवन आर्मी क्लब हेटौंडामा पहिलो खेलबाटै यात्रा टुंग्याएको हो । २० माघ शनिवार उपाधि भिडन्तमा ५ पटकको विजेता थ्रीस्टारलाई ३-० ले पराजित गरेर आर्मी आहाराराको इतिहासमा नयाँ च्याम्पियन बनेको थियो । शहीदस्मृति गोल्डकपको २०७७ मा भएको तेस्रो संस्करण र चौथो संस्करणको उपाधि विजेता आर्मी पाचौं संस्करणमा पनि नकआउट चरणबाटै बाहिरिएको थियो ।

सोमबार गौरीटार रंगशालामा भएको खेलमा आर्मीले ११ औं मिनेटमा रासाबहादुर मगरको गोलबाट अग्रता लिएको थियो । मगरले कर्नरबाट गरेको शक्तिशाली प्रहारले सीधै पोष्टको दिशा लिएको थियो । राजारानी धनकुटाले खेलको ८४ औं मिनेटमा मार्टिनको गोलबाट खेल बराबरीमा ल्यायो । सेन्टर लाइन नजिकबाट पिटर सेगूनले दिएको पासलाई मार्टिनले हेडमार्फत बाललाई जाली चुमाए । टाईब्रेकरमा आर्मी र राजारानी धनकुटाबीच ३-३ को बराबरी भयो ।

पेनाल्टी सुटआउटमा आर्मीबाट जितेन्द्र कार्की, कमल थापा र रसाबहादुर मगरले गोल गरे भने बसन्त जिम्बा र श्रीराम चौधरीको प्रहार आकाशिएको थियो । राजारानीबाट विशाल घलान, रुपेश केसी र गोलरक्षक दीप कार्कीले गोल गर्दा सुनिल खड्का र अशोक खवास चुकेका थिए ।

सडनडेथमा आर्मीका बिमल पाण्डेले गोल गरे पनि दोस्रो प्रहारमा सिद्धान्त चौधरी चुके । चौधरीको प्रहारलाई विपक्षी गोलरक्षक कार्कीले बचाउ गरे । प्रवेश दनुवारले सडनडेथमा राजारानीका लागि बराबरी र उमेश कार्कीले विजयी गोल गरेका थिए । खेलमा गोलरक्षक कार्की म्यान अफ दी म्याच चुनिएका छन् । अब राजाराजी क्लबले एनआरटी काठमाडौंसँग फाइनल प्रवेशका लागि भिड्ने छ । गोल्डकपमा मंगलबार अन्तिम क्वाटरफाइनल खेल थ्रीस्टार क्लब र एपीएफ क्लबबीच हुनेछ ।

# हुप्राचौरमा आजबाट विद्यालयस्तरीय क्रिकेट

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/दोस्रो संस्करणको निरज श्रेष्ठ स्मृति विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिता हुप्राचौरमा मंगलबारबाट सुरु हुँदैछ । आयोजक संस्था मकवानपुर क्रिकेट संघले सोमबार पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताको तयारी पूरा भएको जानकारी दिएको हो ।

लिग कम नकआउटको आधारमा सञ्चालन हुने प्रतियोगितामा मकवानपुरका सामुदायिक तथा संस्थागत विद्यालय गरी १३ वटाले सहभागिता जनाएको छ । संघका अध्यक्ष करन महत्रा क्षेत्रीका अनुसार प्रतियोगिताको उद्घाटन खेल बालजागृति सेकेण्डरी बोर्डिङ स्कूल र जेनिथ इन्टर नेशनलको बीचमा हुनेछ । प्रतियोगितामा सामुदायिक विद्यालय तर्फ भूटनदेवी माध्यमिक विद्यालय, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय र मकवानपुरगढीमा रहेको भानु माध्यमिक विद्यालयले सहभागिता जनाएका छन् ।

संस्थागततर्फ सिद्धार्थ शिशुसदन, सोलिड्यारिटी इन्टर नेशनल एकेडेमी, ज्ञानोदय एकेडेमी, नवोदय शिशुसदन, बालजागृति सेकेण्डरी विद्यालय, जीएस निकेतन, तुल्सीमेहर मेमोरियल विद्यालय, हेटौंडा एकेडेमी, कमाने एकेडेमी र जेनिथ इन्टरनेशल विद्यालयले सहभागिता जनाएको प्रतियोगिताका संयोजक संजोग पोखरेलले जानकारी दिए । प्रतियोगितामा प्रथम र दोस्रो हुने टिमले क्रमश: नगद ४० हजार र २० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगितामा म्यान अफ द सिरिजलाई ५ हजार, बेष्ट बलर/बेष्ट ब्याट्सम्यानलाई जनही ३ हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र, म्यान अफ द म्याचलाई ट्रफी र एकसेट खाजाको कुपन, टुर्नामेन्टमा सबैभन्दा बढी छक्का हान्नेलाई ३ हजार रुपैयाँ, प्रथम ह्यायाट्रिक गर्नेलाई ५ हजार रुपैयाँ प्रदान गरिने भएको छ । प्रतियोगिताका लागि प्रथम पुरस्कार रुपक मानन्धरले र दोस्रो पुरस्कार महारत्न बज्राचार्यले प्रायोजन गरेका छन् ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी छनोट गरी अण्डर १६ जिल्ला टिम निर्माण गरी प्रशिक्षण गराउने क्यान मकवानपुरका अध्यक्ष क्षेत्रीले जानकारी दिए । प्रतियोगिताका लागि ५ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकले अनुमान गरेको छ ।

# बागमतीमा २० जनामा देखियो मोतियाविन्दु

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ मकवानपुरको बागमती गाउँपालिका-७ पाथिभरा आधारभूत स्वास्थ्य सेवाकेन्द्रमा नि:शुल्क आँखा परीक्षण गर्दा २० जनामा मोतियाविन्दु देखिएको छ ।




लायन्स क्लब ईन्टर नेशनल ३२५ एसले मकवानपुर सहित बारा र सर्लाहीमा निशुल्क आँखाशिविर अभियान सञ्चालन गरिरहेको छ । सोही क्रममा आइतबार मकवानपुरको पाथीभरा र बारा जिल्लाको ईनारुवामा शिविर सञ्चालन गरिएको एरिया २ का एरिया चिफ जेपी यादवले बताए । पाथिभरामा १२६ जनाले आँखा परीक्षण गर्दा २० जनामा मोतिया विन्दु देखापरेको कार्यक्रम संयोजक हरिबंश भेटवालले बताए ।

त्यस्तै, बाराको ईनरुवामा भएको निशुल्क आँखा शिविरमा ३२८ जनाले परीक्षण गरेका छन् । जसमध्ये ७८ जनामा मोतियाविन्दु देखापरेको संयोजक भेटवालले बताए । मकवानपुरगढी गाउँपालिका-८ बुढीचौर र सर्लाहीको रामनगरमा कार्यक्रम सञ्चालन भएको चिफ यादवले बताए । यसअघि २० गते शनिबार मक्वानपुरगढी गाउँपालिका-२ शिखरकटेरीमा शिविर सञ्चालन भएको थियो ।

यसैगरी मंगलबार बारा जिल्लाको हरिपुरमा र मकवानपुरको राइगाउँमा आँखा शिविर सञ्चालन गरिने चिफ यादवले बताए । हेटौंडा सामूदायिक अस्पतालको प्राविधिक सहकार्यमा शिविर सञ्चालन भइरहेको छ । शिविर पश्चात अप्रेसन र चश्मा नि:शुल्क क्लबले नै गर्ने यादवले जानकारी दिए ।

# स्थापना दिवसको अवसरमा प्रभातफेरी

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ संस्थाको २६ औं स्थापना दिवसको अवसर पारेर प्रेस चौतारी नेपाल मकवानपुरले सोमबार हेटौंडामा प्रभातफेरी गरेको छ ।




प्रेस चौतारी मकवानपुर शाखाले आयोजनामा गरेको प्रभातफेरीमा जिल्लाका कृयाशील पत्रकारको सहभागिता रहेको थियो । कार्यक्रममा प्रेस चौतारीका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज हरि हुमागाईंले श्रमजीवी पत्रकारको संस्था प्रेसचौतारीले पत्रकारको हकहितका निम्ति धेरै राम्रा काम गरेको बताए । पत्रकारको पेशागत हितको लागि सक्रिय चौतारी पत्रकारको हितकारी संस्था भएको उनले बताए ।

कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारुमगर, प्रेस चौतारी बागमती प्रदेशका महासचिव प्रकाश दाहाल, पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष ध्रुब अधिकारी, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारी लगायतले पत्रकारको सवालमा सबै पत्रकार एकमतमा उभिने गरेको सही संस्कार रहेको बताए ।

विचारको आधारमा विभिन्न संगठनमा आवद्ध भएपनि पेशागत हित र व्यावसायिक सवालमा एकै कित्तामा उभिने गरेको उनीहरुले बताए । कार्यक्रममा चौतारी जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीले पत्रकारमा दक्षताको विकासमा समेत चौतारी लागि परेको स्मरण गरे ।

# राक्सिराङमा एउटै गाउँका ४१ जना भाइरल ज्वरोको बिरामी

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ मकवानपुरको दुर्गम राक्सिराङ गाउँपालिकामा भाइरल ज्वरोको कारण एउटै गाउँका ४१ जना बिरामी परेका छन् ।

राक्सिराङ गाउँपालिका-९, टर्लिङमा भाइरल ज्वरोले गाउँका ४१ जना बिरामी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । करिब २२ घरधुरी रहेको गाउँमा स्थानीय कमजोरीले सिकिस्त बिरामी परेको खबरपछि स्थानीय कान्द्राङ प्रहरीचौकीबाट सोमबार दिउँसो १ बजे टोली खटिएर अवस्था बुझेको थियो ।

बिरामी सबैको अवस्था सामान्य रहेको र उपचार भइरहेको प्रहरीले जनाएको छ । टर्लिङमा स्वास्थ्यचौकी खैराङबाट अहेब सहितको स्वास्थ्यकर्मी टोली खटिएर बिरामीको उपचार गरिरहेको जनाइएको छ । खैराङ स्वास्थ्यचौकीका अहेव रीता थिङले गाउँमा फैलिएको भाइरल ज्वरोको प्रकोप अझै नियन्त्रणमा नआएको जानकारी दिइन् ।

उनले कतिपय घरमा सबैजना भाइरल ज्वरोबाट प्रभावित भएको बताइन् । अधिकांश घरपरिवारका चार/पाँच जना भाइरल ज्वरोबाट सिकिस्त भएको पाइएको थिङले बताएकी छन् ।

# मिडिया सर्वेक्षण: युवा सांसदमा बर्तौला आसलाग्दा

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित भई संसदमा सक्रिय युवा सांसदमध्ये कोप्रति आशावादी हुनुहुन्छ ? भन्ने सर्वेक्षणमा महेश बर्तौलाले २० दशमलव ३ प्रतिशत मत ल्याएका छन् ।

सर्वेक्षणका सहभागीले रास्वपा नेता विराजभक्त श्रेष्ठ युवा सांसदमध्ये सबैभन्दा लोकप्रिय भनेका छन् । रास्वपा नेता श्रेष्ठलाई उत्तर दातामध्ये २७ दशमलव ६ प्रतिशतले आसलाग्दो नेता भनेका छन् । विवेकशील साझा पार्टीबाट बागमती प्रदेश सांसदसमेत भइसकेका श्रेष्ठ काठमाडौं ८ का प्रतिनिधिसभा सांसद हुन् । उनी रास्वपाभित्र पनि फरक मत राख्न सक्ने नेतामा पर्छन् ।

उनीपछि एमालेका सचेतकसमेत रहेका नेता बर्तौलामा सम्भावना देख्नेहरु छन् । उनको पक्षमा २० दशमलव ३ प्रतिशत उत्तरदाताले मत दिएका छन् । त्यसपछि रास्वपा नेतृ डा. तोसिमा कार्की रुचाइएकी छिन् । उनले १८ प्रतिशत मत पाएकी छन् । चौथो आसलाग्दो नेतामा राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाही देखिएका छन् ।

उनको पक्षमा ११ दशमलव ७ प्रतिशतले मत दिएका छन् भने माओवादी केन्द्रका नेता माधव सापकोटाको पक्षमा ११ प्रतिशत, कांग्रेस नेता योगेश गौचन थकालीले १ दशमलव ९ प्रतिशत र भूमिमन्त्री तथा नागरिक उन्मुक्ति पार्टीका सांसद रञ्जिता श्रेष्ठले १ दशमलव १ प्रतिशत मत पाएका छन् । केहीले उल्लेखितमध्ये कोही पनि आसलाग्दो नदेखेको प्रतिक्रिया पनि दिएका छन् ।

# चोरीमा संलग्न चारजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ विभिन्न स्थानबाट मोटरसाइकल र स्कुटर चोरी गरेको घटनामा संलग्न मकवानपुरका चार जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले ललितपुर र काठमाडौंको छुट्टाछुट्टै स्थानबाट उनीहरुलाई पक्राउ गरेको हो ।

प्रहरीले ललितपुरका विभिन्न स्थानबाट स्कुटर चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुर भीमफेदी गाउँपालिका-७ घरभई काठमाडौं बल्खु बस्ने २८ वर्षीय सनम मगर र मकवानपुर हेटौंडा उपमहानगर पालिका-१९ चिसापानी घरभई काठमाडौं बल्खु बस्ने २० वर्षीय शैलेश आले रहेका छन् । उनीहरुलाई प्रहरी वृत्त चापागाउँ ललितपुरबाट खटिएको प्रहरीले शुक्रबार पक्राउ गरेको हो ।

ललितपुर महानगरपालिका-१३ नख्खु सनराईज अपार्टमेण्टबाट चोरी भएको बा.९७ प ३०२ नम्बरको स्कुटरसहित सनम मगर र गोदावरी नगरपालिका-१३ झरुवारासीबाट चोरी भएको बा.९५ प २८०९ नम्बरको स्कुटरसहित शैलेश आलेलाई प्रहरीले पक्राउ गरेको हो । उनीहरुउपर जिल्ला अदालत ललितपुरबाट ७ दिन म्याद थप अनुमति लिई थप आवश्यक अनुसन्धान भइरहेको छ ।

त्यसैगरी, काठमाडौं गोकर्णेश्वर नगरपालिका-४ माकल बारीबाट गत शुक्रबार चोरी भएको बागमती प्रदेश ०२-०३८ प ०३४५ नम्बरको मोटरसाइकलसहित २ जनालाई प्रशरीले शनिबार पक्राउ गरेको छ । प्रहरीचौकी भट्टेडाँडा ललितपुरबाट खटिएको प्रहरीले मकवानपुर बकैया गाउँपालिका-१ बस्ने १८ वर्षीय किशोर र बागमती गाउँपालिका-३ बस्ने २४ वर्षीय छविलाल बज्युलाई पक्राउ गरेको हो । उनीहरुलाई थप अनुसन्धानको लागि प्रहरी वृत्त बौद्ध काठमाडौंमा पठाइएको जनाइएको छ ।


मालपोत कार्यालय मकवानपुरबाट मिति २०८०/१०/१५ मा जारी भएको

**नामसारीको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

*निवेदक: तिलक माया स्याङ्तान समेत-२ (विवाहित छोरी) (बुवा-भिम बहादुर वल्व तामां/बाजे-मोहन सिं)* *ज.ध.-भिम बहादुर वल्प तामां (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक राक्सिराङ गाविस वडा नंबर २ को कि.नं. १५९, १६१, २०२, ३९८ र ४०४ को क्षेत्रफल क्रमश: ज.रो. ०-१३-१-१, १२-८-३-, ५-२-१-०, ६-८-३-० र १-४-०-० जग्गाको जग्गाधनि भीम बहादुर वल्व तामांको मिति २०५६/१२/०३ मा मृत्यू भएको, निज जग्गाधनीको पत्नी जस माया थिङको पनि मिति २०६७/१०/२८ मा मृत्यू भएको, जग्गाधनी भिम बहादुर वल्व तामां र निजकी पत्नीको तर्फबाट दुई छोराहरु जेठो तोक्सुर थिङ रहेकोमा निजको अविवाहित अवस्थामा नै २०६७/०९/१३ मा मृत्यू भईसकेको र कान्छो हस्त बहादुर थिङ भएकोमा निजको पनि २०५६/०३/१० मा मृत्यू भएको निजको पत्नी फूलमाया थिङ पतिको मृत्यू पश्चात २०५६ साल तिरै दोस्रो विवाह गरी गएको र निज हस्त बहादुर र फूलमायाबाट जायजन्म भएको एक मात्र छोरी निवेदक मध्येकी एक विष्णुमाया लामा भएको साथै जग्गा धनी र निजको पत्नीको एक मात्र छोरी निवेदक मध्येकी एक तिलक माया स्याङ्तान रहेकोमा अब उपरान्त हक खाने हामी तिलक माया स्याङतान र विष्णुमाया लामा दुई जना मात्र भएको र निज जग्गाधनी बुवा तथा निजकी पत्नी जसमाया थिङको पालनपोषण तथा काजकृया हामीले नै गरेको भनि हामी निवेदकहरुको नाममा संयुक्त नामसारी गराइ पाउँ भनि निवेदकहरुले मागदावी निवेदन पेश गर्नु भएकोमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको हकदारहरु अरु कोहि भए वा **जग्गाधनीको पालनपोषन अरुलेनै गरेको भए वा उल्लेखित जग्गामा अरु कोहि कसैको हकभोग भएको भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण** भए यो सूचना प्रकाशित/जारी भएको **मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा** स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । **अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन** ।

**मालपोत कार्यालय मकवानपुर**



**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।




**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-५, पिप्ले, मकवानपुर**

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९


# हार्दिक आमन्त्रण



जन्म: २०१२ साउन ८ गते

स्वर्गारोहण: २०८० माघ १३ गते

**स्व: अर्जुन बहादुर पौडेल**

हाम्रा पुजनीय पिता **अर्जुन बहादुर पौडेल** को ६८ बर्षको उमेरमा दु:खद् निधन भएकोमा उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं । शोकको यस घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने, सहयोग, सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धु बान्धव र आफन्तजनप्रति हार्दिक आभार प्रकट गर्दै अन्त्येष्ठीका क्रममा सागरमा पाल्नुहुने तथा घरमै आई समवेदना प्रकट गर्नुहुने महानुभावहरुलाई पितृप्रसाद ग्रहणको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**१३ औं दिनको पुण्यतिथि:**

| | |
|---|---|
| **मिति** | : २०८० माघ २५ गते बिहीबार |
| **समय** | : दिनको २:०० बजे |
| **स्थान** | : हेटौंडा-१, चौकीटोल (आफ्नै निवास) |

| छोराहरू | बुहारीहरू | नातीहरू |
|---|---|---|
| रवीन पौडेल | मेनुका पौडेल | रोनिष पौडेल |
| प्रवीन पौडेल | रञ्जना पौडेल | रौनक पौडेल |
| नवीन पौडेल | पुष्पा पौडेल | प्रनभ पौडेल |

असमर्थताकं

एवम्

**समस्त पौडेल परिवार**

हेटौंडा-१, चौकीटोल

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना